कार्यालय कोड नं.८०१०५५७०६ स्थायी लेखा नं.[illegible]

# नरैनापुर गाउँपालिका
## Narainapur Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
नरैनापुर, बाँके
Narainapur, Banke

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

नरैनापुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नरैनापुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

आ.व.:२०८३/०८४ (सूचना नं. ५) मितिः २०८३/०५/१७

## विज्ञापन सूचना संशोधन तथा पद थप गरिएको सम्बन्धी सूचना !

(सूचना प्रकाशित मितिः २०८३/०५/१७)

यस नरैनापुर गाउँपालिकाबाट भूमि प्रशासन सेवा सञ्चालनका लागि सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धमा यस कार्यालयबाट मिति २०८३/०५/११ गते प्रकाशित नापी अधिकृत र सर्वेक्षक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचनामा देहाय बमोजिमको पद थप गरी विज्ञापन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यस संशोधित सूचनामा थप गरिएको अमिन पदका लागि मात्र देहायबमोजिम दरखास्त आह्वान गरिएको छ। मिति २०८३/०५/११ गते प्रकाशित सूचनाबमोजिम नापी अधिकृत र सर्भेक्षक पदका लागि गरिएको विज्ञापन तथा सो सम्बन्धी अन्य व्यवस्था यथावत् रहनेछ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०८३/०८४ | नापी अधिकृत | अधिकृतस्तर सातौं | १ |
| २ | ०२/२०८३/०८४ | सर्वेक्षक | सहायकस्तर पाँचौं | १ |
| ३ | ०३/२०८३/०८४ | अमिन | सहायकस्तर चौथो | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**
   क. मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी. वा सो सरह उतीर्ण गरी सर्वे वा जियोमेटिक्स विषयमा कम्तिमा १(एक) वर्षको तालिम प्राप्त गरेको,
   ख. कम्तिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको,
   ग. बेसिक कम्प्युटर सम्बन्धी ज्ञान भएको,
   घ. प्रचलित कानूनले अयोग्य नठहऱ्याएको।

२. **दरखास्त दिने स्थानः** नरैनापुर गाउँ कार्यपालिकाको कार्यालय।

३. **दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशन भएको शुरु मितिले १५औं दिनको कार्यालय समय भित्र साथै अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन।

४. **आवेदनको दस्तुरः** रु.८००/- (अक्षरेपी आठ सय रुपैयाँ मात्र)।

५. **छनौटको किसिमः-** प्रारम्भिक सुची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता।

६. **आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो २ प्रति र दरखास्त दस्तुर बुझाएको सक्कल भौचर। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

७. **सेवा सुविधा तथा अन्यः** कार्यालयको नियमानुसार।

८. **परीक्षाको मितिः** अर्को सूचना प्रकाशन गरी जानकारी गराइने छ।

९. **आवेदनपरीक्षाको पाठ्यक्रमः** प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेशले तोकेअनुसार।

**प्रमुख प्रशासकीय अधिकृत**